ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया, रौतहट
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

# विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन, करार शिक्षक छनौट कार्यविधि, २०७९

२०७९ साल माघ महिना १२

विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन, करार शिक्षक छनौट कार्यविधि, २०७९

**प्रस्ताव :** ईशनाथ नगरपालिकामा परिवर्तित संवैधानिक व्यवस्था तथा शासकीय संरचनाले सिर्जना गरेका शैक्षिक अवसर, दायित्व, क्षेत्राधिकार, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित गर्न नगरपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय लगायतका शैक्षिक निकायहरूमा विद्यमान बहु आयामिक जटिलताहरूको यथोचित व्यवस्थापन गरि शैक्षिक गुणस्तर प्रदान गर्न र लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्न पुरक कार्यविधि तथा मापदण्डको रुपमा सामुदायिक विद्यालयमा विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा रिक्त रहन जाने शिक्षकको करार पदपूर्ति गरी र आवश्यक परेको दरबन्दी सृजना गरि पठन पाठनलाई निरन्तरता तथा नियमितता दिन कार्यविध तयार गर्न वाञ्छनीय भएकाले, नेपलको संविधानको अनुसूची-८ को स्थानीय तहको एकल अधिकारको सूचीको खण्ड (८) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षाको कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २१४ बमोजिम गठित नगर कार्यपालिकाको कार्यालयले विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन, करार शिक्षक छनौट कार्यविधि, २०७९ तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम "विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन, करार छनौट कार्यविधि, २०७९" रहेको छ।

२) यो कार्यविधि ईशनाथ नगरपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कर्यविधिमा,

१) **"ऐन"** भन्नाले ईशनाथ नगरपालिकाको शिक्षा ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

२) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ ।

३) **"नगरपालिका"** भन्नाले ईशनाथ नगरपालिका लाई सम्झनु पर्दछ ।

४) **"कार्यपालिका"** भन्नले ईशनाथ नगर कार्यपालिका लाई सम्झनु पर्दछ ।

५) **"परीक्षा"** भन्नाले विद्यालयमा रिक्त रहन गएको वा नगरपालिकाले सृजना गरेको शिक्षक पदमा लिइने परीक्षा भन्ने सम्झनु पर्दछ ।

६) **"विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन"** भन्नाले ईशनाथ नगरपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक(नगर शिक्षक स्वयमसेवक),बालविकास सहजकर्ता तथा कर्मचारी सम्झनु पर्छ ।

प्रमाणिकरण

७) **"समिति"** भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा परीक्षा लिने शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

८) **"विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति"** भन्नाले ईशनाथ नगरपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक तथा कर्मचारी छनौट गर्ने समिति सम्झनु पर्छ ।

९) **"विद्यालय"** भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृती प्राप्त सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयलाई सम्झनु पर्दछ ।

१०) **"नगर समिति"** भन्नाले ईशनाथ नगरपालिकाको नगर शिक्षा समिति लाई सम्झनु पर्दछ।

११) **"नगर शिक्षा अध्यक्ष"** भन्नाले नगर शिक्षा समितिको अध्यक्ष लाई सम्झनु पर्दछ ।

१२) **"नगर शिक्षा सदस्य"** भन्नाले नगर शिक्षा समितिको सदस्य लाई सम्झनु पर्दछ ।

१३) **"विद्यालय समिति"** भन्नाले नगरपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समिति लाई सम्झनु पर्दछ ।

१४) **"विद्यालय अध्यक्ष"** भन्नाले नगरपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष लाई सम्झनु पर्दछ ।

१५) **"विद्यालय सदस्य"** भन्नाले नगरपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य लाई सम्झनु पर्दछ ।

१६) **"प्रधानाध्यापक"** भन्नाले नगरपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको प्रधानाध्यापक लाई सम्झनु पर्दछ ।

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

१) सामुदायिक विद्यालयमा रिक्त रहन जाने शिक्षकको दरबन्दीमा करार पदपूर्ति गरी पठन-पाठन लाई निरन्तरता तथा नियमितता दिने ।

२) ईशनाथ नगरपालिकाको स्रोतबाट शिक्षक(नगर शिक्षक स्वयमसेवक),बालविकास सहजकर्ता स्वयमसेवक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि वृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्यलाई कार्यलाई दुरुस्त बनाउने ।

## परिच्छेद-२

## <u>शिक्षक छनौट समिति,योग्यता,पदपुर्ती तथा अनुमति सम्बन्धी व्यवस्था</u>

**४. शिक्षक छनौट संमिति** :

१) नगर शिक्षा समितिबाट नगर स्वयमसेवक शिक्षक संख्याको अधारमा नगर सभाबाट बजेट बिनियोजित गरि विद्यालयमा रिक्त रहन गएको शिक्षक दरवन्दी तथा विधार्थी अनुपातको अधारमा विद्यालय व्यवस्थापन समितिले माग गरे अनुसार नगर करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

क. नगरपालिकाको नगर प्रमुख वा नगर उप-प्रमुख १(एक) जना अध्यक्ष

प्रमाणित

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी १ (एक) जना सदस्य

ग. नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको नगर समितिको सदस्य १ (एक) जना सदस्य

घ. शिक्षा विकास तथा समन्वय इकाई, रौतहटको विज्ञहरु मध्येबाट विषय विज्ञ १ (एक) जना सदस्य

ङ. सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य १ (एक) जना सदस्य

च. सम्बन्धित विद्यालयको प्रधानाध्यापक १ (एक) जना सदस्य

छ. नगरपालिका कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय

२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

५. योग्यता:-

१) नगर करार शिक्षक सव्यमसेवकमा उम्मेदवार हुन देहाय बमोजिम न्यूतम योग्यता आवश्यक पर्नेछ।

क. प्रारम्भिक बालबिकासका लागि SEE उतिर्ण वा सो सरह बालबिकास सम्बन्धी ३ महिने तालिम प्रास।

ख. अधारभुत तह १-८ का लागि सम्बन्धीत विषयमा कक्षा १२ वा सो सरह।

ग. माध्यमिक तह ९-१० का लागि सम्बन्धीत विषयमा स्नातक वा सो सरह।

घ. १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

२) प्रचलित कानुनले तोकेको योग्यता पुरा गर्नु पर्नेछ तर नगर करार शिक्षकको लागि शिक्षक अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुने छैन।

६. पदपुर्ती तथा अनुमति :-

१) नगर करार शिक्षक स्वयंसेवकको कोटा प्रासपछि विद्यालय व्यवस्थापन समितिको निर्णयसहित पदपूर्तिको लागि माग भइ आएमा शिक्षा, युवा तथा खेलकुद शाखाले अनुमति दिनेछ।

२) उपदफा (१) बमोजिम विद्यालयले माग गर्दा दोहरो नपर्ने गरि कुनै एक विषयमा अनुमति दिने।

३) नगरपालिकाले जुनसुकै बेला अनुमति बदर गर्न सक्नेछ।

## परिच्छेद-३

## विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

७. विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति :

१) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रा.वि., नि.मा.वि. वा मा.वि. को रिक्त दरबन्दीहरुमा करारमा नियुक्त भई कामकाज गर्दै आएको शिक्षकहरु सो दरबन्दीमा स्थायी नियुक्त भई पद-स्थापनाको लागी शिक्षक आएमा विस्थापित हुने अनुभवी करार शिक्षकहरु लाई विद्यार्थी अनुपातको आधारमा नगर शिक्षा समितिको निर्णय बमोजिम आवश्यकता अनुसार नगरपालिकाले विस्थापितहुने शिक्षक संग कार्यसम्पादन मुल्यांकनको आधारमा ६ (छ) महिनामा करार सम्झौता गरि नगर शिक्षक स्वयंसेवकको रुपमा खटाउन सकिने छ ।

२) नगरपालिकाको स्रोतबाट विद्यार्थी शिक्षक अनुपातको आधारमा आवश्यक स्वयंसेवक, करार शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्ने प्रयोजनार्थ स्वयंसेवक करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ग. सम्बन्धित विद्यालयका वडा अध्यक्ष | सदस्य |
| घ. शिक्षा शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ. सम्बन्धीत विद्याद्ययका प्रधानाध्यापक | सदस्य सचिव |

३) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

४) समितिका पदाधिकारीहरुलाई परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनमा खटिए बापत प्रति दिन दुई हजार रुपैयाँका दरले भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद-४

## विज्ञापन प्रकाशन सम्बन्धी प्रक्रिया

८. विज्ञापन प्रकाशन

१) ईशनाथ नगरपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालय मातहत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनार्थ शिक्षक तथा कर्मचारी नियुक्तिका लागि ईशनाथ नगर कार्यपालिकाको कार्यालयले नै वितरण गरीएका दरबन्दीहरुको विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

२) विद्यालयमा शिक्षकको पद रिक्त रहन गएको प्रमाण सहित विद्यालयले करार पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाईबाट अनुमति माग गर्नुपर्नेछ । पेश गरिएका कागजातका आधारमा शिक्षा विकास तथा समन्वय इकाईबाट शिक्षक नियुक्तिको लागि निर्देशन सहित अनुमति प्रदान गर्नेछ । अनुमति पत्रसाथ संलग्न निर्देशन बमोजिम विद्यालयले विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

प्रमाणिकरण

३) रिक्त पदपूर्तिका लागि कम्तीमा १५ देखि बढीमा ३० दिनको म्याद राखी गरिएको विज्ञापन स्थानीय सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गराउने, विद्यालय, सम्बन्धित स्रोत केन्द्र र यस कार्यालयमा समेत टाँस गर्नु पर्नेछ ।

४) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्वीकृत पाठ्यक्रम बमोजिमको हुनेछ ।

५) परीक्षा दस्तुर नगर वा परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

६) आवेदन फाराम विद्यालयले उपलब्ध गराउनु पर्नेछ ।

७) सम्पर्क मितिका दिन परीक्षा भएका कार्यतालिका सार्वजनिक गर्नु पर्नेछ ।

८) दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारको प्रवेशपत्र जारी गरी नामावली प्रकाशन गर्नु पर्नेछ ।

९) तर नगर कार्यपालिकाबाट सिर्जना भएको शिक्षक दरबन्दीको हकमा कम्प्युटर, विज्ञान, लेखा विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनु पर्नेछ । कम्प्युटर, विज्ञान तथा लेखा विषयको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ । कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएता पनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टल, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्डनेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ्ग सम्बन्धी कम्प्युटर तालिम लिएको लाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन ।

१०) विज्ञापन गरिने विभिन्न तहहरु माध्यमिक, आधारभूत (नि.मा.), आधारभूत (प्रा.) र बालबिकासका शिक्षकहरुको परीक्षा दस्तुर नगर कार्यपालिका वा समितिले निर्धारण गरे बमोजिम हुनेछ कर्मचारीहरुको हकमा निर्धारित तह बमोजिमको दस्तुर हुनेछ ।

११) माथि उल्लिखित बमोजिमका परीक्षामा नेपाली नागरिकले मात्र उम्मेदवारी दिन सक्ने छन्।

१२) बालबिकास सहजकर्ता शिक्षकको हकमा नियुक्ति गर्न बिषय तोकिने छैन।

१३) अध्यन्न बिदा,प्रसुति बिदा तथा अन्य कुनै प्राकृतिक दुर्धटनामा परि लामो समय पठनपाठन अवरोध हुने अवस्थामा प्रमाणित कागजातको अधारमा नगरपालिकाबाट अनुमति र विद्यालय व्यवस्थापन समितिको सिफारिशमा विज्ञापन नगरि विद्यालयको प्रधानाध्यापकले नियुक्ति दिन सक्नेछ।

१४) विस्थापित करार शिक्षकको हकमा नगर शिक्षक स्वयमसेवकमा नियुक्तिको लागि विज्ञापन गर्नु नपर्ने।

## परिच्छेद-५

## प्रश्न-पत्र निर्माण तथा परीक्षा सञ्चालन

९. परीक्षा सञ्चालन :

१) परीक्षा सञ्चालन समितिले तय गरेको समय तालिका बमोजिम हुनेछ ।

२) प्रश्न-पत्र निर्माणमा समिति जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनेछ तर पश्न-पत्रको निर्माण सम्बन्धी काम विषय विशेषज्ञबाट मात्र गरिने छ ।

३) प्रश्न-पत्रको गोपनियता भङ्ग भएमा गोपनियता भङ्ग गर्नेलाई कानून बमोजिम कारवाही हुनेछ।

४) प्रश्न-पत्र निर्माण अनुसूची-१ बमोजिम हुनेछ ।

५) प्रश्न-पत्रको शुद्धाशुद्धी अनिवार्य रुपमा गर्ने वा गराउने व्यवस्था हुनुपर्नेछ ।

६) प्रश्न-पत्र पाठ्यक्रमले तोके बमोजिम निर्माण गर्नुपर्नेछ ।

७) परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष सम्बन्धित विद्यालयका प्रधानाध्यापक हुनेछ ।

८) ईशनाथ नगरपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाई उपलब्धि बृद्धि गर्ने प्रयोजनका लागि शिक्षक तथा कर्मचारी नियुक्तिका लागि ईशनाथ नगरपालिकाले विज्ञापन गरेका परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नगरपालिकाले तोकिएको शिक्षक वा कर्मचारी हुनेछ ।

९) परीक्षा केन्द्र समितिले तोकेको स्थानमा रहनेछ ।

१०) परीक्षार्थीहरुको हाजिरी उतार गरी परीक्षासँग सम्बन्धित कागजातका साथ राख्नुपर्नेछ ।

११) परीक्षण गरिएका उत्तर पुस्तिका सम्बन्धित विद्यालयले ६ महिनासम्म सुरक्षित राखु पर्नेछ ।

१२) परीक्षार्थीले परीक्षाको नियम उल्लङ्घन गरेमा निष्कासन समेत गर्न सकिनेछ ।

१३) परीक्षा सञ्चालन गर्दा नियुक्त गरिने विषय विशेषज्ञ, परीक्षा समितिका पदाधिकारीलाई प्रतिदिन दुई हजार रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ । परीक्षामा खटिने कम्प्युटर अपरेटर र कार्यालय सहयोगीलाई दैनिक क्रमशः दुई हजार रुपैयाँ र पाँच सय रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ ।

१४) परीक्षा समितिका सदस्यहरु नै परीक्षा सञ्चालन गर्दा केन्द्रध्यक्ष, सुपरीवेक्षक निरीक्षक रहनेछ । तर सो बापतको पारिश्रमिक उपलब्ध गराइने छैन ।

## परिच्छेद-६

## उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन र नियुक्ति

१०. उत्तरपुस्तिका परीक्षण :

१) उत्तर पुस्तिका परीक्षणका लागि कोडिङ तथा डिकोडिङ शिक्षा हेर्ने अधिकृत, बि.नि. र स्रोत व्यक्ति मध्ये कुनै एक बाट गरी परीक्षकलाई बुझाउनुपर्नेछ ।

२) विषयविज्ञले उत्तर कुञ्जिका तयार गरी पेश गर्नुपर्नेछ ।

३) विषयगत र बस्तुगत प्रश्न फरक-फरक समयमा विशेषज्ञबाट परीक्षण गराउनुपर्नेछ ।

प्रमाणिकरण

४) बस्तुगत तथा विषयगत परीक्षाको प्राप्ताङ्कको जोड गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम शिक्षक सेवा आयोगले तयार गरेको मापदण्ड बमोजिमको संख्यामा वर्णानुक्रमका आधारमा प्रकाशन गर्नुपर्नेछ ।

५) समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन अनुसूची १ बमोजिम गर्नेछ ।

६) कम्प्युटर विषयमा प्रयोगात्मक परीक्षा समेत सञ्चालन गरिनेछ ।

७) उम्मेदवारले लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्तगर्ने आवश्यक संख्यालई सफल उम्मेदवार र त्यसपछिको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्यालाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले सिफारिस गर्नेछ ।

८) सफल उम्मेदवारले नतिजा प्रकाशन भएको ७ दिन भित्रमा सम्वन्धित निकायबाट नियुक्ति लिइसक्नुपर्नेछ । उक्त अवधिभित्र नियुक्ति नबुझेमा वा नबुझ्ने निवेदन दिएमा विद्यालयले वैकल्पिक सूचीमा रहेका निकटतम उम्मेदवारलाई नियुक्ति दिनुपर्नेछ । तर सिफारिस भएको व्यक्तिले १५ दिन भित्रमा कुनै जानकारी बिना वा सम्पर्क नगरेमा स्वतः वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

९) नियुक्ति भएको जानकारी सम्बन्धित निकायहरुमा दिई ७ दिन भित्रमा व्यक्तिगत फायल खडा गरी १ प्रति नगरपालिकामा र १ प्रति शिक्षा विकास तथा समन्वय इकाइमा बुझाई नियमानुसार तलब भत्ता माग गर्नुपर्नेछ तर नगरपालिकाबाट सिर्जना भएका दरबन्दीमा नियुक्त शिक्षकहरूको अभिलेख सम्बन्धित तहमा रहनेछ ।

१०) शिक्षक छनौट सम्बन्धमा माथि उल्लेखित बुँदाका अतिरिक्त आकस्मिक रुपमा कुनै विषयमा निर्णय लिनु परेमा ऐन नियम सँग नबाझिने गरी छनौट समितिले निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

११) नगरपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पुर्ती गरी पठन-पाठन लाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्य दुरुस्त गर्ने प्रयोजनका लागि शिक्षक नियुक्ति तथा कर्मचारीका लागि नगरपलिकाले विज्ञापन गरेका शिक्षक तथा कर्मचारी नियुक्तिको हकमा नगरपालिकाले विद्यालयगत रुपमा योग्यताक्रमका आधारमा सफल उमेदवारलाई १ वर्षका लागि करारमा नियुक्ति गर्नेछ ।

१२) पदपूर्तिको लागि आव्हान गरिएको पदमा आवेदन दिन चाहने उम्मेदवारले सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुन पर्नेछ । कम्प्युटर विज्ञान विषयको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ । कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएता पनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ (छ महिने) कम्प्युटर फण्डामेण्टलस, विण्डोज,

अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटावेस, प्रोग्रामिङ सम्बन्धी कम्प्युटर तालिम लिएको लाई उम्मेदवारी दिनबाधा परेको मानिने छैन ।

१३) नगरपालिकाबाट सिर्जना गरिएका शिक्षक तथा कर्मचारीहरु करारमा नियुक्त हुनेछन् । यसरी नियुक्त भएका शिक्षककहरुको पठन-पाठन तथा शैक्षिक गतिविधिको समग्र प्रगति तथा विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा नगर शिक्षा समितिले औचित्य कायम रहने मनासिब देखेमा स्रोतको सुनिश्चितता कायम गरी करार नवीकरण गर्न सक्नेछ। तर निजको करारनामा अवधि थप गर्ने वा नगर्ने विषयको अन्तिम निर्णय सम्बन्धित निकायको हुनेछ ।

## परिच्छेद-७

## विवध

११. **कार्यविधि व्याख्या** : शिक्षक छनौट सम्बन्धी यस कार्यविधिमा कुनै दुबिधा उत्पन्न भएमा प्रचलित शिक्षा ऐन, नियमावली र शिक्षक सेवा आयोग नियमावलीको आशय बमोजिम व्याख्या गरिनेछ ।

१) यस अघि शिक्षा विकास तथा समन्वय इकाईको अनुमतिमा सञ्चालन भएका शिक्षक छनौटका परीक्षाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२) नगरपालिकाबाट सिर्जना भएका शिक्षक तथा कर्मचारी दरबन्दीको हकमा निजहरुले पाउने पारिश्रमिक तलब नगरपालिकाले तोके बमोजिम हुनेछ र सोही अनुसार करार सम्झौता गर्नुपर्नेछ ।

३) नगरपालिकाले नगर शिक्षक स्वयंसेवकको पारिश्रमिक समय समयमा थपघट गर्न सक्नेछ।

१२. **विदा** : नगर शिक्षक स्वयंसेवकले अन्य शिक्षक पाए सरह भैपरि पर्व तथा सुत्केरी विदा पाउनेछ।

१३. **अवकाश** : नगर शिक्षक स्वयंसेवकको अनुदान कोटा एक आर्थिक वर्षका लागि हुनेछ । अर्को वर्ष नगर शिक्षक स्वयंसेवकको कोटा निरन्तर उपलब्ध नभएमा नगर करार स्वयंसेवक शिक्षकको स्वतः अवकाश हुनेछ।

१४. **उजुरी** : नगर शिक्षक स्वयमसेवकको नियुक्ति प्रक्रियामा चित नबुझेमा नगरपालिकामा उजुरि गर्न सकिनेछ। यसरि उजुरिमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

१५. **यस कार्यविधिमा हुने** : यस कार्यविधिमा समावेश नभएको विषय प्रचलित कानुन बमोजिम हुने।

प्रमाणिकरण

अनुसूची-१

प्रश्न-पत्र निर्माण तथा परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था ।

| पत्र/खण्ड | तह | विषय | परीक्षा प्रणाली | प्रश्न संख्या * अङ्क | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रथम खण्ड | माध्यमीक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न * १ अङ्क | ४५ मिनेट | |
| दोस्रो खण्ड | | विषयगत | लामो उत्तर | २ प्रश्न * १० अङ्क | २ घण्टा | |
| | | | छोटो उत्तर | ६ प्रश्न * ५ अङ्क | | |
| प्रथम खण्ड | निम्न माध्यमीक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | बस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न * १ अङ्क | ४५ मिनेट | |
| दोस्रो खण्ड | | विषयगत | लामो उत्तर | २ प्रश्न * १० अङ्क | २ घण्टा | |
| | | | छोटो उत्तर | ६ प्रश्न * ५ अङ्क | | |
| प्रथम खण्ड | प्राथमिक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | बस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न * १ अङ्क | ४५ मिनेट | |
| दोस्रो खण्ड | | विषयगत | लामो उत्तर | २ प्रश्न * १० अङ्क | २ घण्टा | |
| | | | छोटो उत्तर | ६ प्रश्न * ५ अङ्क | | |
| प्रथम | बालविकास | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न * २ अङ्क | १ घण्टा | |

माथि उल्लेखित सम्पुर्ण तहको अन्तर्वाता २५ अङ्क र प्रयोगात्मक परीक्षा २५ अङ्कको हुनेछ ।

सामान्य ज्ञान र अभिरुचि परीक्षण (वस्तुगत : बहुवैकल्पिक प्रश्न) र विषयगत प्रश्न शिक्षक सेवा आयोगको पाठ्यक्रम भित्रबाट हुनेछ ।

प्रमाणिकरण

आज्ञाले
भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)